निर्णय नं. १ :→ प्रमुख जिल्ला अधिकारी श्री आनन्द पौडेलज्यूको अध्यक्षतामा मिति २०६६।०९।०८ गते बसेको जिल्लास्तरीय अनुगमन तथा मूल्यांकन समितिको बैठकबाट गाडी भाडा र यातायात सुव्यवस्था सम्बन्धमा भएका निर्णय हरु तपसिल-बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल :

→ गाडी भाडा र यातायात सु-व्यवस्था अन्तर्गत कतिपय अवस्थमा थप भाडा लिइराखेको भन्ने गुनासो प्राप्त भएको सन्दर्भमा आवश्यकता हेरी छड़के अनुगमन गर्ने, पत्राचार गर्ने र सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने।

→ यातायात व्यवसायीहरुले यात्रुहरुलाई अनिवार्य रुपमा भाडा बिल टिकट दिन पत्राचार गर्ने, टिकट दिने व्यवस्थालाई अनिवार्य रुपमा कडाइका साथ लागू गर्ने।

निर्णय नं. २ :→ गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा को च.नं. २०३२ मिति २०६६।०९।११ गतेको नेपाल भ्रमण वर्ष. २०२० को प्रवर्द्धन सम्बन्धी पत्र दलफल गरियो। यो सम्बन्धमा सरकारी एवं सार्वजनिक निकायका सवारी साधनमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष. २०२० को लोगो टाँस्ने व्यवस्था लाई कार्यान्वयन गर्ने/गराउने।

निर्णय नं. ३ :→ हाल भएको पुष महिनाको पहिलो हप्तामा खोइपे-अन्नपूर्णी सडक खण्ड र खोइपे - दोल्पामोड खण्डमा भएको सडक हिमपातका कारण भएको अवरोध एवं सडक सुचारु सम्बन्धमा नेपाली जिल्लामा विभिन्न निकायहरु बाट भएको प्रयास सम्बन्धमा दलफल गरियो।

निकट भविष्यमा हिमपात हुन सक्ने सम्भावना लाई मध्य-नजर गरी राजमार्ग सुचारु गर्ने तपसिल बमोजिम गर्ने/गराउने निर्णय गरियो।

तपसिल :

→ -राजमार्गमा अवरोध हटाउन सडक डिभिजन कार्यालय, स्थानीय तह (दे.मे.पा. र पारन मे.पा.) र सुरक्षा निकायहरुले हिमपात-

प्रमुख जिल्ला अधिकारी

बाट अवरोध हटाउने कार्ययोजना ३ (तीन) दिन भित्र तयार गरी जिल्ला प्रशासन कार्यालयमा पठाउने।

→ राजमार्ग अवरोध हटाउन सरोकारवाला निकाय। तह हरूले सम्वेदनशिल भई तत्काल राजमार्ग सुचारु गर्ने व्यवस्था मिलाउने एवं राजमार्ग अवरोध हुन नदिने व्यवस्था गर्ने।

→ ट्रफिक व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने।

→ राजमार्गमा हिमपातका कारण अवरोध हटाउन सरोकारवाला-निकायहरूले एक आपसमा समन्वय गरी कार्यसम्पादन गर्ने र राजमार्ग अवरोध हुन नदिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी